# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## धार्चे गाउँपालिका
## गोरखा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(गण्डकी प्रदेश )

पत्र संख्या: २०७८।७९
च.नं. ३८

मितिः २०७९।३।२५

विषय: लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
धार्चे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
गोरखा ।

**कैफियत सहितको राय**

हामीले धार्चे गउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.२ करोड ६२ लाख १३ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रिया प्राप्त नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.११ लाख १२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.८९ लाख ८६ हजार, नियमित गर्नुपर्ने रू.१ करोड ६१ लाख १५ हजार रहेको छ । गतवर्ष रु.३ करोड ३७ लाख ४५ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.४ करोड ४३ लाख ९५ हजार रहेको छ । **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। गाउँपालिकाबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(शम्भु कुमार श्रेष्ठ)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

धार्चे गाउँपालिका

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| १३ | ५० | २६२१३ | - | - | - | १३ | ५० | २६२१३ | १११२ | १६११५ | ८९८६ | - | - | २५१०१ | - |

## अद्यावधिक बेरुजू स्थिति

## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| गोरखा | ३३७४५ | - | १५५६३ | १८१८२ | - | २६२१३ | ४४३९५ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : धार्चे गाउँपालिका, गोरखा , धार्चे गाउँपालिका , गोरखा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | RAM BAHADUR ADHIKARI | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | TEKBIKRAM KUNWAR CHHETRI | २०७७-४-१ | २०७८-३-३१ |
| | | बेरुजु रकम | २६,२१२,६५३ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ९,८०,७३९.६४ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २२,९७,१९,८१० | चालु खर्च | १९,११,३४,७८८.९१ |
| प्रदेश सरकारबाट अनुदान | २,६७,२३,००० | पूँजीगत खर्च | ७,६८,८९,५५४.१२ |
| राजश्व बाँडफाँट | ६,४०,८७,९८९.७४ | वित्तीय/अन्य व्यवस्था | १,३७,१५,५१७.६२ |
| आन्तरिक आय | २५,४१,१९२.४ | | |
| अन्य आय | १,६९,०६,०४४.८ | | |
| कुल आय | ३३,९९,७८,०३६.९४ | कुल खर्च | २८,१७,३९,८६०.६५ |
| बाँकी मौज्दात | | ५,९२,१८,९१५.९३ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | . उल्लेखित आर्थिक कारोवारहरूको स्वीकृत समष्टिगत तथा इकाईगत लेखापरीक्षण योजना, कार्यालयबाट पेस गरिएको वार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरू, व्यवस्थापन प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण ऐन, २०७५ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मापदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार र कार्यालयले निर्क्योल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरूलाई प्रतिवेदनमा समावेश गरिएको छैन । उल्लिखित लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरू सम्बन्धमा कार्यालय प्रमुख समेतका पदाधिकारीहरूसँग मिति २०७८। १०।१८ मा छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू निम्नानुसार छन्: | |
| २ | | | **परिचयः**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ७ वडा, ४० सभा सदस्य, ६५२ वर्ग किलोमिटर क्षेत्रफल तथा १८७२४ जनसंख्या रहेको छ । | |
| ३ | | | **सञ्चितकोषको हिसाबः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७७।०७८ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ निम्न बमोजिम रहेको छः | |

| आ.व. : २०७७/७८ अवधी : २०७७/०४/०१ - २०७८/०३/३१ | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ३८,२८,२५,०५२.९२ | ३३,९९,७८,०३६.९४ | | ३३,९९,७८,०३६.९४ | ३३,६४,६४,४९४.८४ | | ३३,६४,६४,४९४.८४ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ३६,७२,५१,५२० | ३२,३०,७१,९९२.१४ | ० | ३२,३०,७१,९९२.१४ | २५,९२,९२,०९१.३५ | ० | २५,९२,९२,०९१.३५ |
| ११००० कर | ११ | ७,८६,६८,२१० | ६,५४,४४,०८४.१४ | ० | ६,५४,४४,०८४.१४ | ५,१०,८२,७६८.३५ | ० | ५,१०,८२,७६८.३५ |
| १३००० अनुदान | | २८,६९,४२,८१० | २५,६४,४२,८१० | ० | २५,६४,४२,८१० | २०,७०,४०,००० | ० | २०,७०,४०,००० |
| संघीय सरकार | १२ | २५,८७,१९,८१० | २२,९७,१९,८१० | ० | २२,९७,१९,८१० | १९,२०,८२,००० | ० | १९,२०,८२,००० |
| प्रदेश सरकार | १२ | २,८२,२३,००० | २,६७,२३,००० | ० | २,६७,२३,००० | १,४९,५८,००० | ० | १,४९,५८,००० |
| १४००० अन्य राजस्व | | १३,९०,५०० | ११,५५,१५० | ० | ११,५५,१५० | ६,४२,५४३ | ० | ६,४२,५४३ |
| १५००० विविध प्राप्ति | | २,५०,००० | २९,९४८ | ० | २९,९४८ | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | १,५५,७३,५३२.९२ | १,६९,०६,०४४.८० | | १,६९,०६,०४४.८० | ७,७१,७२,४०३.४९ | | ७,७१,७२,४०३.४९ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कोषहरु | | १,५५,७३,५३२.९२ | १,५३,९०,८११.८० | ० | १,५३,९०,८११.८० | १,१०,६०,९०६.१९ | ० | १,१०,६०,९०६.१९ |
| धरौटी | | ० | १५,१५,२३३ | ० | १५,१५,२३३ | १४,७१,३८४.६४ | ० | १४,७१,३८४.६४ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ६,४६,४०,११२.६६ | ० | ६,४६,४०,११२.६६ |
| भुक्तानी (ग+घ) | | ४४,१०,९०,०५२.९२ | २८,१७,३९,८६०.६५ | | २८,१७,३९,८६०.६५ | २६,०१,६२,०३६.०२ | | २६,०१,६२,०३६.०२ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ४२,५५,१६,५२० | २६,८०,२४,३४३.०३ | | २६,८०,२४,३४३.०३ | १८,६८,११,०२६.१२ | | १८,६८,११,०२६.१२ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ११,९६,४९,७६४ | ८,६५,६३,८१३.३१ | ० | ८,६५,६३,८१३.३१ | ६,०७,१९,६८६.१० | ० | ६,०७,१९,६८६.१० |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ९,६५,३८,०७१.५६ | ७,११,७५,८३९.१५ | ० | ७,११,७५,८३९.१५ | ३,९१,९१,३३८.५८ | ० | ३,९१,९१,३३८.५८ |
| २५००० सहायता (Subsidy) | १८ | १,९१,३७,००० | १,६७,४५,७५५.०५ | ० | १,६७,४५,७५५.०५ | १,१०,१०,००० | ० | १,१०,१०,००० |
| २७००० सामाजिक सुरक्षा | १८ | १,७०,६२,००० | १,५०,३२,९१२ | ० | १,५०,३२,९१२ | ७१,५४,००० | ० | ७१,५४,००० |
| २८००० अन्य खर्च | १८ | २२,००,००० | १६,१६,४६९.४० | ० | १६,१६,४६९.४० | १२,४९,५१३ | ० | १२,४९,५१३ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १७,०९,२९,६८४.४४ | ७,६८,८९,५५४.१२ | ० | ७,६८,८९,५५४.१२ | ६,७४,८६,४८८.४४ | ० | ६,७४,८६,४८८.४४ |
| घ. अन्य भूक्तानी | | १,५५,७३,५३२.९२ | १,३७,१५,५१७.६२ | | १,३७,१५,५१७.६२ | २६,०१,६२,०३६.०२ | | २६,०१,६२,०३६.०२ |
| कोषहरु | | १,५५,७३,५३२.९२ | १,२८,५२,८६६.६२ | ० | १,२८,५२,८६६.६२ | ७७,०९,३९७.२४ | ० | ७७,०९,३९७.२४ |
| धरौटी | | ० | ९,००,७०० | ० | ९,००,७०० | १०,०१,५०० | ० | १०,०१,५०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ६,४६,४०,११२.६६ | ० | ६,४६,४०,११२.६६ |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -३८,०४९ | | -३८,०४९ | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | (५,८२,६५,०००) | ५,८२,३८,१७६.२९ | | ५,८२,३८,१७६.२९ | ७,६३,०२,४५८.८२ | | ७,६३,०२,४५८.८२ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ९,८०,७३९.६४ | | ९,८०,७३९.६४ | ५,११,६०,६४१.९३ | | ५,११,६०,६४१.९३ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (५,८२,६५,०००) | ५,९२,१८,९१५.९३ | | ५,९२,१८,९१५.९३ | १२,७४,६३,१००.७५ | | १२,७४,६३,१००.७५ |
| बैंक तथा नगद बाकी | २४ | | ५,९०,१८,९१६.९३ | | ५,९०,१८,९१६.९३ | ९,४१,४१,०८४.२९ | | ९,४१,४१,०८४.२९ |

नोटः आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको सर्सत अनुदान चालु तर्फको रु. २५१००३३९।४५ र प्रदेश तर्फको समपुरक चालु रु. ६५०००००।- मिति २०७८।५।१७ मा फिर्ता दाखिला भएको छ ।

| गाँउपालिकाले पेश गरेको वित्तिय विवरणमा समावेश नभएका खर्च शिर्षकहरु निम्नानुसार रहेका छन्ः | | | |
|---|---|---|---|
| सि.नं. | खर्च शिर्षक | बजेट | निकासा/खर्च |
| १ | ३७०००११६४-एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ७००००००. | ८८६४८५ |
| २ | ३१४०१०१२३-सामाजिक सुरक्षा तथा संरक्षण | ५२९२५०००. | ५०६२०३८०. |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३</td><td>३६५००१०४३-स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम</td><td>६७०००००.</td><td>६३६५७४०.</td></tr>
<tr><td>४</td><td>३५०००१२०४-सामाजिक विकास मन्त्रालय (संघ सर्सत अनुदान)</td><td>२०००००.</td><td>१८८९११.६५</td></tr>
<tr><td>५</td><td>३५००००११४-सामाजिक विकास मन्त्रालय</td><td>२००००००००.</td><td>१०४७८८४१</td></tr>
<tr><td>६</td><td>३१४०००११३-आन्तरिक मामिला तथा कानून मन्त्रालय</td><td>४३०००.</td><td>४३०००.</td></tr>
<tr><td>७</td><td>३५००००११३- सामाजिक विकास मन्त्रालय</td><td>८०००००.</td><td>६०००००.</td></tr>
<tr><td></td><td>जम्मा</td><td>८७६६८०००.</td><td>६९१८३३५७.२४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४</td><td>२९४</td><td>२०७८-३-२१</td><td>बढी भुक्तानि<br>खर्चको मापदण्ड २०७५ को नियम ६ मा सवै प्रकारका तालिम गोस्ठी सेमीनार कार्यशाला सञ्चालनसम्बन्धि खर्चको मापदण्ड मा खाना वापत प्रतिव्यक्ति प्रतिदिन रु.४०० खर्च लेख्न पाउने व्यवस्था रहेको छ ।प्रकृतिमैत्री शिक्षण तालिम शिर्षक अन्तर श्री सुर्योदय मावि लाइ रु.२०३१०० भुक्तानी भएको पाइयो ।२०० जना सहभागी रहेको तथा खानावापत रु.५०० का दरले रु.१०००००० खर्च लेखेको छ ।प्रति सहभागी रु.१०० का दरले २०० जनाको बढी भुक्ती भएको रु.२०००० असुल गरि सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.</td><td>२०,०००</td></tr>
<tr><td>५</td><td>१२७</td><td></td><td>बढी भुक्तानी<br>कार्यलयले भौ नं १२७ वाट मेलमिलाप पुनर्ताजगी तालिम शिर्षकबाट सुचिकृत मेलमिलाप कर्ताहरुको लागी तिन दिवसिय पुनर्ताजगी तालिम दिएकोमा रु.३४९९५० खर्च गरेको छ। ३ दिनको तालिम सन्चालन गरेकोमा कुल ४३ जना उपस्थितलाइ प्रति दिन रु ५०० को दरले रु.२१५००भत्ता दिएको देखिन्छ।अर्थ मन्त्रालयले तयार गरेको कार्यसन्चालन निर्देशिका, २०७५ मा यातायात नचल्ने स्थानमा आतेजाते गरी एकमुष्ट रु ५०० मात्र भुक्तानी दिन मिल्ने व्यवस्था रहेकोले उक्त निर्देशिका अनुसार कुल ३० जना सहभागिलाइ रु १५००० मात्र भुक्तानी दिन मिल्नेमा ४३ जनालाइ भुक्तानी दिएबाट १३ जनाको रु.५०० ले हुने रु.६५०० संगीता पौडेल बाट असुल गरि सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.</td><td>६,५००</td></tr>
<tr><td>६</td><td>३८१</td><td>२०७८-३-३</td><td>सक्कल विल नभएको<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली २०७७ को नियम ५ मा खर्च गर्दा त्यस्तो खर्च पुस्टी गर्ने विल,भरपाइ,प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। कार्यालयले गापा चालुतर्फ बुढी गण्डकी नदीमा सम्पन्न गरिएको बुढी गण्डकी वाइटवाटर रेफ्टीङ सम्भावीत अध्ययन कार्यक्रमका लागी रेफ्टीङ स्टार प्रालिलाइ रु. ८४६०० तथा प्रकोप व्यवस्थापनतर्फ खाद्यान्न सामाग्री खरिद गरि प्रगति निर्माण सेवा एण्ड अठारसय खोला सप्लायर्स लाइ रु.९१४५० भुक्तानी दिएकोमा सक्कल कर विजक संलग्न नरहेकोले सक्कल विल पेश गर्नुपर्ने रु</td><td>१७६,०५०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **नपाउने दैनिक भ्रमण भत्ता भुक्तानि**<br>कार्यालयको काममा कार्यालयभन्दा बाहिर गएको भनी भ्रमण स्वीकृत गरी भ्रमण भत्ता वुझेको देखिन्छ ।कार्यलयको दैनीक हाजिरि परीक्षण गर्दा भ्रमण अवधिको मितिमा पनी कार्यलयमा हाजिरी गरेको पाइयो जुन आलेप प्रतिवेदनमा समेत औंल्याइएकोमा यसरि देहायका कर्मचारीहरुले कार्यालयमै हाजीरी गरी भत्ता बुझेको रकम असुल गरी सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. | २२,४०० |

| नाम थर | भ्रमण अवधि | रकम |
|---|---|---|
| केशवराज गुरुङ | २०७८।२।२४-२०७८।२।२७ | 5900 |
| | २०७८।१।३१-२०७८।२।६(१,२र ३ गते हाजिर गरेको) | 3600 |
| विश्वास दवाडी | २०७८।२।२८-२०७८।३।३(२८,३० र ३१ गते हाजिर गरेको) | 2400 |
| अमृत बहादुर घले | २०७७।१२।२०-२०७७।१२।२४ | 8100 |
| मदन खड्का | २०७८।३।१८-२०७८।३।२४(२२,२३ र २४ हाजीर गरेको) | 2400 |
| | | 22400 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८ | 68 | २०७७-१२-२३ | **शिक्षण सहयोग अनुदान**<br>अग्रजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान शिर्षकबाट विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि २०७७ को परिच्छेद-३, दफा ८ मा माध्यमिक तहको शिक्षण अनुदानमा छनौट भएको शिक्षकले माध्यमिक तह तृत्तिय श्रेणीको शुरु स्केल भन्दा बढी नहुने गरी करार संझौता वमोजिम बढीमा १२ महिनाको पारिश्रमिक दिन सकिने व्यवस्था छ । सूर्योदय आ.वि.-९, मञ्जुश्री मा.वि.-३, सातकन्या देवी मा.वि., कालरात्री मा.वि.लापू, प्रभात किरण मा.वि., लापू गरी ५ विद्यालयलाई माध्यमिक तहको शिक्षण अनुदानमा छनौट भएका शिक्षकहरुका लागी रु.४,३१,८८०.०० का दरले जम्मा रु.२१,५९,४००.०० निकासा भएको छ । उक्त विद्यालयहरुबाट शिक्षक छनौट भएको निर्णय, करार सम्झौता, हाजिरी विवरण पेश भएको छैन । शिक्षण सहयोग अनुदान शिर्षकबाट विद्यालय क्षेत्र विकास कार्यक्रममा तोकिए अनुसार शिक्षक छनौट भएको निर्णय, करार सम्झौता र हाजिरी विवरण प्रमाण पेश हुनुपर्ने रु. | २,१५९,४०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | 152 | २०७८-३-२९ | **थप निकासा**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व. २०७७/७८ को खण्ड २ (क )१ मा दरबन्दी मिलानबाट कायम भएको शिक्षक दरबन्दी, शिक्षक अनुदान कोटा (राहत), र प्राविधिक धारतर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकहरुको लागी विद्यालयबाट प्राप्त माग फाराम रुजू गरी अनुदान उपलव्ध गराउने व्यवस्था छ। तपसिलको विद्यालयहरुलाई छुट तलव निकासा गर्दा दरबन्दी शिक्षक वा राहत शिक्षक वा करार शिक्षक वा अस्थायी शिक्षक वा कर्मचारीको तलव निकासा नपुग भएको सो अनुसारको माग फाराम वा विवरण वेगर रु. २९२१८०.०० निकासा गरिएको छ। विद्यालयको माग फाराम, पहिले निकासा भएको विवरण, नपुग निकासाको विवरणको प्रमाण पेश गर्नुपर्ने रु. | २९२,१८० |

| सि.नं | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | सूर्योदय मा.वि.-९ | 40000 |
| २ | कालरात्री मा.वि.-५ | 40000 |
| ३ | प्रभात किरण मा.वि.- | 28610 |
| ४ | मणिकामदेवी मा.वि. | 91280 |
| ५ | पार्वती नि.मा.वि.-४ | 28610 |
| ६ | गण्डकी निमावि-६ | 35070 |
| ७ | दुङ्गला प्रा.वि.-९ | 28610 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १० | 144 | २०७८-३-२४ | **खर्च स्वीकृत तथा समर्थन**<br>विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को कार्यक्रम कार्यान्वयन मार्गदर्शन सि. नं. ४ (क) मा एउटा सब बजेट उपशिर्षकमा विनियोजन भएको रकम अर्को सब बजेट उपशिर्षकमा खर्च नगर्ने स्वीकृत नर्म्सको परिधिभित्र रहेर कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख गरिएका आधार र प्रक्रिया अनुरुप खर्च लेख्नुपर्ने व्यवस्था छ । तपसिलको शिर्षकमा निकासा भएको रकम आधारभुत तहका स्वीकृत दरबन्दीका शिक्षक राहत,अनुदान शिक्षकका लागि तलव भत्ता अनुदान, विशेष शिक्षा परिषद अन्तर्गतका शिक्षक कर्मचारीहरु शिर्षकमा रु.४९७८३११.०० खर्च गरिएको छ । फरक शिर्षकमा खर्च गर्न पर्नाको कारण उल्लेख गरी शिक्षा तथा मानव विकास केन्द्र, सानोठिमी, भक्तपुरलाई च.नं.५१ मितिः२०७८।४।२९ मा खर्च समर्थनको लागी पत्र पठाएको देखिन्छ । पालिकाले खर्च समर्थनको लागी पत्र पठाएको भएता पनि उक्त खर्च शिक्षा तथा मानव विकास केन्द्र, सानोठिमीबाट समर्थन गरेको देखिदैन । यसरी खर्च स्वीकृत वा समर्थन नगरी फरक खर्च शिर्षकबाट खर्च गर्नु नियमसम्मत नदेखिएको रु . | ४,९७८,३११ |

| सि.नं. | खर्च शिर्षक कार्यक्रम | रकम |
|---|---|---|
| १ | कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजीकरणका लागी शैक्षिक कार्यक्रम | २२५०००० |
| २ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागी निःशुल्क पाठयपुस्तक अनुदान | ६२९००७ |
| ३ | तोकिएको विद्यार्थीका दिवा खाजाका लागि विद्यालयलाई अनुदान | २१२१८० |
| ४ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ४८२६१५ |
| ५ | सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क स्यानिटारी प्याड व्यवस्थापन | ४४५०९ |
| ६ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृत्ति आवासिय तथा गैरआवासिय | १३६०००० |
| | जम्मा | ४९७८३११ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | 52 | २०७८-३-२९ | **नियुक्त प्रमाणः**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व. २०७७/७८ को खण्ड २.क १ मा दरबन्दी मिलानबाट कायम भएको शिक्षक दरबन्दी, शिक्षक अनुदान कोटा (राहत), र प्राविधिक धारतर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकहरुको लागी विद्यालयबाट प्राप्त माग फाराम रुजू गरी अनुदान उपलव्ध गराउने व्यवस्था छ । तपसिलको शिक्षकको विद्यालयमा चौथो त्रैमासिक निकासा उपलव्ध गराउदा नियुक्ति प्रमाण वेगर निकासा गरिएको छ । उक्त शिक्षकहरुको नियुक्ति प्रमाण पेश गर्नुपर्ने रु. | ५७,२२० |

| सि.नं. | शिक्षकको नाम | विद्यालयको नाम | निकासा रु. |
|---|---|---|---|
| १ | आशा गुरुङ्ग | सूर्योदय मा.वि. | 28610 |
| २ | सुजन गुरुङ्ग | प्रभात किरण | 28610 |
| | | जम्मा | 57220 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **स्वास्थ्य तर्फ**<br>**औषधी खरिद** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा २० लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने तथा नियम ८४ मा ५ लाख भन्दा वढीको खरिद गर्दा शिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद गर्नुपर्ने उल्लेख छ । उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन वेगर पालिकाले भौ.१५४-०७८/३/२९ बाट भिमदेव सप्लायर्स बाट रु.११०००००  र भौ.३४३-०७८/३/२९ बाट मेडिजोन मेडिसिन कन्सर्न बाट रु.१९८४८३२। समेत रु.३०८४८३२। को औषधी सोझै खरीद गरेको नियम सम्मत नदेखिएको रु.<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा मालसामान स्थलगत रुपमा उपलब्ध हुने वा नहुने अध्ययन गरी दररेट निर्धारण समितिले तोकेको दरमा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ।पालिकाले औषधि खरीद गर्नु पुर्व ३ वटा सप्लायर्स सँग दर रेट माग गरी औषधको लागत अनुमान कायम गर्नु पर्नेमा सो वेगर ३ वटा सप्लायर्स सँग कोटेशन माग गरी कम कबोल वाला सँग सँझौता गर्नु पर्नेमा सो गरेको पाइएन ।<br>• आपूर्ति भएका औषधी एवं सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न नसकिएको,<br>• औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र अन्यत्रवाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, | ३,०८४,८३२ |
| १३ | | | **ठेक्का व्यवस्थापन तर्फः** | |
| १३.१ | | | **मु.अ.कर भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिले गरेको खर्चको स्रेस्ता, विलभरपाई स्थानीय निकायले जाँचगरी प्रतिवेदन लिने व्यवस्था छ । यो वर्ष धार्चे आमा समुह भवन निर्माण कार्य उपभोक्ता समिति मार्फ गराउँदा लागत अनुमानमा इट्टा प्रतिगोटा रु.१५ मा मु.अ.कर समावेश गरी लागत अनुमान तयार गरेकोमा उपभोक्ता समितिले रु.८ को मु.अ.कर सहितको विल पेश गरेको छ । सो भवनमा ८५०० इट्टा प्रयोग भएकोमा प्रति गोटा रु.७ का दरले रु.५९५००। को मु.अ.कर रु.७७३५। विलमा समावेश भएको भन्दा वढी भुक्तानी भएको रकम असूल गरी संचित कोष दाखिला गर्नूपर्ने रु. | ७,७३५ |
| १३.२ | 46 | २०७८-१-८ | **बढी भुक्तानीः** सार्वजनिक खरीद नियमावली २०६४ को नियम १२३ मा प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । काशि गाउँ बहुउद्यशिय सभा गृहहल निर्माण कार्यमा रुविनाला कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि लाइ रु.५०७९७३०.८९ को भुक्तानीमा विमा रकम रु.५०३४६। भुक्तानी भएकोमा निर्माण व्यवसायीले फोटोकपी विल पेश भएको छ। साथै विल अफ क्वान्टिटीमा नराखको ल्याव टेस्ट समावेश नभएको अवस्थामा पनि मु.अ.कर समेत रु.३२९१६।९ भुक्तानी निर्माण व्यवसायीलाइ भुक्तानी भएकोले बढी भुक्तानी रकम सम्वन्धित सँग असुल गर्नु पर्ने रु. | ३,२९१ |
| १३.३ | | | **एग्रीकल्चर कोल्ड स्टोर्सः** लागत अनुमान रु.८३२४९८३.५२ भएको एग्रीकल्चर कोल्ड स्टोर्स रु.७३८९५२५.२८ मा मिति २०७८।१।१० सम्म सम्पन्न गर्ने गरी मिति २०७७।४।३ मा श्री सु-शान्ती निर्माण सेवा संग सम्झौता भएको छ । निर्माण कार्यको सम्झौता अवधि सम्पन्न भइ सकेको अवस्था साथै लेखापरीक्षण अविध सम्म पनि निर्माण कार्यको रनिङ विल पेश नभएकोले समयमा कार्य सम्पन्न गर्नु पर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३.४ | | | **मु.अ.कर भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिले गरेको खर्चको स्रेस्ता, विलभर्पाई स्थानीय निकायले जाँचगरी प्रतिवेदन लिने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिलाई खरिद मूल्यमा मूल्य अभिबृद्धि कर सहित रकम भुक्तानी दिनेगरी लागत अनुमान गरी सोहि बमोजिम कार्य सम्पन्न भई भुक्तानी दिएकोमा विलमा समावेश भएको भन्दा वढी भुक्तानी भएको मुल्य अभिबृद्धि कर असूल गरी संचित कोष दाखिला गर्नूपर्ने रु.<br>क्र सं: 1; कार्यक्रम: धार्चे आमा समुह; कामको विवरण: सिमेन्ट खरीद; उ.स भुक्तानी रकम: 97723.2; .अ.कर भुक्तानी: 6008; विलमा समावेश मु.अ.कर: 5000; बढी भुक्तानी: 1008 | १,००८ |
| १३.५ | 112 | २०७८-३-२८ | धार्चे गाउँपालिकाो वडा नं.४ को भवन निर्माण गर्नको लागि प्रदेश सरकारको समपुरक अनुदानमा प्रदेश सरकारको रु.१००००००। र गा.पा बाट ३५०००००। गरी रु.४५०००००। बजेट व्यवस्था भएकोमा मु.अ.कर समेत रु.४०१३६१४।९६ को लागत अनुमान तयारगरि मिति र२०७७।८।२९ मा विद्युतिय बोलपत्रको माध्यमबाट सुचना प्रकाशन गरेकोमा ३ वटा फर्मबाट बोलपत्र दर्ता हुन आएकोमा सबै भन्दा घटी कबोल गर्ने डि.आर.जि कन्ष्ट्रक्सन को कबोल अंक पि.एस.बाहेक रु.३२३०४०९। बोलपत्र मिति २०७७।१०।९ मा स्विकृत भएको पाइयो । काम गर्दै जाँदा भेरिएसन आदेश स्विकृत भइ भेरीएसन अडरसाजेस रु.३३१०३५८।१७ मा मिति २०७७।३।३ सम्ममा सम्पन्न गर्ने गरि मिति २०७७।११।३ मा संझौता भएकोमा मिति २०७८।३।२८ सम्ममा ९२.०८ प्रतिशत बराबरको कार्य सम्पन्न भएपश्चात उक्त कार्यलाइ कार्यसम्पन्न मानि कार्यालयबाट भवन पूण रुपमा सम्पन्न नभइ अधुरो रहेको अवस्थामा पनि कार्य सम्पन्न प्रतिवेदन तयार गरी भौ.११२- २०७८।३।२८ बाट रु.३०४८२४९। भुक्तानी भएको छ । कार्याआदेश अनुसार तोकीएको मिति २०७८।३।३ मा काम सम्पन्न हुन नसकि मिति २०७८।३।२८ मा मात्र कार्य सम्पन्न देखाएकोले कार्य आदेश भन्दा २४ दिन ढिला कार्य सम्पन्न गरेकोले आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १२१ अनुसार पूर्वनिर्धारीत क्षतिपूर्ती संझौता रकमको प्रतिदिन ०.०५ प्रतिशतले हुने रकम (०.०५*२४*३३१०३५८)को हुने रु.३९७२४ । असुल गर्नु पर्ने रु. | ३९,७२४ |
| १३.६ | 2 | २०७८-२-१ | **विल भन्दा बढी भुक्तानीः** भौ.२.०७८/२/१ बाट प्रभात किरण मा.वि (मेघा विद्यालय होस्टल ब्लक निर्माण) कार्य गोरखनाथ कन्ट्रक्सन एण्ड मर्चेन्डाइजर निर्माण व्यवसायीको प्रथम रनिङ विलको भुक्तानीमा रु.५६७२८। को मात्र विल पेश नभएकोले विल भन्दा रु.४३२७१.७६ बढी भुक्तानी भएको रकम असुल गर्ने रु. | ४३,२७१ |
| १४ | | | **सोझै खरीद** | |

Nested table in row १३.४:

| क्र सं | कार्यक्रम | कामको विवरण | उ.स भुक्तानी रकम | .अ.कर भुक्तानी | विलमा समावेश मु.अ.कर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| 1 | धार्चे आमा समुह | सिमेन्ट खरीद | 97723.2 | 6008 | 5000 | 1008 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१४.१</td><td></td><td></td><td>सोझै खरिदः सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने र रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाहले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ निम्नानुसार सोझै खरिद गरेको नियम सम्मत नदेखिएको रु.
<table>
<tr><th>क्र.सं.</th><th>मिति</th><th>भौ. नं.</th><th>कार्यक्रम</th><th>पार्टी /फर्म</th><th>डेबिट</th></tr>
<tr><td>१</td><td>०८/२५/२०७७</td><td>8</td><td>फर्निचर तथा फिक्चर्स</td><td>पवित्र फर्निचर सप्लायर्स</td><td>४,९५,५०५</td></tr>
<tr><td>२</td><td>११/०७/२०७७</td><td>18</td><td>फर्निचर तथा फिक्चर्स</td><td>कुसुम गिफ्ट हाउस एण्ड फर्निचर शोरुम</td><td>२,२३,११२.८५</td></tr>
<tr><td>३</td><td>०३/२७/२०७८</td><td>110</td><td>फर्निचर तथा फिक्चर्स</td><td>कुसुम गिफ्ट हाउस</td><td>३१,३८२</td></tr>
<tr><td>४</td><td>०३/२७/२०७८</td><td>110</td><td>फर्निचर तथा फिक्चर्स</td><td>कुसुम गिफ्ट हाउस</td><td>६,००,०००</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>१३,४९,९९९.८५</td></tr>
</table></td><td>१,३४९,९९९</td></tr>
<tr><td>१४.२</td><td></td><td></td><td>सोझै खरिदः सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने सकिने व्यवस्था छ ।साथै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरुले यो वर्ष राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत निम्न विद्यालयले निम्नानुसार सामान खरीद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ सोझै खरिद गरेको नियमसंगत नदेखिएको रु.
<table>
<tr><th>भौ-मिति</th><th>विद्यालयको नाम</th><th>सप्लायर्सको नाम</th><th>सामानको नाम</th><th>रकम</th></tr>
<tr><td>129-078/3/18</td><td>प्रभाव किरण मा.वि</td><td>Info TECH College of hardware Engineering P.Ltd</td><td>डेकेसटप, मल्टी पल्ग</td><td>868970</td></tr>
<tr><td>138-078/3/21</td><td>सूर्योदय मा.वि</td><td>Info TECH College of hardware Engineering P.Ltd</td><td>स्माट टि भि, ल्याप टप, प्रोजेक्टर</td><td>981970</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>1850940</td></tr>
</table></td><td>१,८५०,९४०</td></tr>
<tr><td>१५</td><td></td><td></td><td>लाभग्राही समुदायबाट खरिद</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५.१ | | | **हेभी इक्विपमेण्टको प्रयोग** — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइयो । नियमावलीको व्यवस्था सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । नियमावलीको व्यवस्था अनुरुप कार्य गराउनुपर्दछ । | |

| भौ.नं . रमिति | योजनाको नाम | विल रकम | हेभी मेसिन प्रयोगको रकम |
|---|---|---|---|
| ७५-०७८/३/१५ | गुरुवाङ्देखी दुङ्लासम्म मो.बा. | 1950826 | 1063300 |
| १०२-०७८/३/२३ | दोभानदेखी सेलाचेत मोटरबाटो | 1338932 | 1350745 |
| ४९-०७८/१/१० | उहिया वडा कार्यालय जोडने बाटो | 2245017 | 1025475 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५.२ | | | **उपभोक्ता समिति मार्फत सरकारी भवन निर्माण** - सार्वजनिक खरिद ऐन, २०६४ को दफा ४४ मा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मूख्य उद्देश्य नै रोजगारीको श्रृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा त्यस्तो आयोजना उपभोक्ता समिति मार्फत गरिन सकिने उल्लेख छ साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायबाट कार्य गराउन सकिने व्यवस्था छ ।तर तपसिलमा उल्लेखित उपभोक्ता सहभागी नहुने कार्यमा पनि उपभोक्ता समिति मार्फत कार्य गराईएको पाईयो । यसरी उपभोक्ता प्रत्यक्ष रुपमा सहभागी नहुने कार्यमा उपभोक्ता समिति मार्फत गरिने कार्यमा नियन्त्रण गरिनुपर्दछ । | |

| भौ.नं . रमिति | योजनाको नाम | निर्माण गर्ने संस्था | भुक्तानी रकम |
|---|---|---|---|
| ५४-०७८/१/५ | घेरावार निर्माण | शान्ति प्रा.वि. | 209635 |
| ४२-०७८/१/८ | रेलिङ्ग वाल निर्माण | कालरात्री प्रा.वि. | 284252 |
| ९०-०७८/३/१९ | छात्रावास व्यवस्थापन | सातकन्या मा.वि. | 250000 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६ | | | **उपभोक्ता समिति मार्फत कार्य** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६.१ | 12 | २०७७-१०-१८ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विजकको भुक्तानी गर्दा करारको शर्त बमोजिम प्राविधिक जापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ।उपभोक्ता समितिसँग निर्माण कार्यको सम्झोता गर्दा एक आर्थिक वर्ष भित्र समपन्न हुने गरी गर्नुपर्दछ । धार्चे सामुदायीक अस्पताल भवनको निर्माण सहयोग परियोजना सञ्चालन गर्नको लागी धार्चे गाँउपालिका र छाँया नेपाल बीच मिति २०७६।६।१२ मा रु. २,२८,६९,७६३.११ लागतको ६० प्रतिशत रु.१,३७,२१,८५७.८७ छाया नेपालले र लागतको ४० प्रतिशत रु.९१,४७,९०५.२४ गाँउपालिकाले ब्यहोर्ने गरी सम्झौता भएको छ । सम्झौता अनुसार निर्माण अवधि १२ महिनाको रहने र निर्माण सम्पन्न गरी सो भवन गाँउपालिकालाई हस्तान्तरण गरिने उल्लेख छ । मिति २०७७ असौज ११ गते (निर्माण शुरु भएको १२ महिना) सम्ममा सम्पन्न गर्नुपर्ने उल्लेख छ । पहिलो किस्ता २०७६।१०।६ मा रु.२२,८६,९७६.३१ र यस भौचरबाट दोस्रो किस्ता रु.३१,८६,९७६.३१ गरी जम्मा रु.५४,७३,९५२.६२ धार्चे सामुदायीक अस्पताल व्यवस्थापन समितीको नाममा भुक्तानी भएको देखिन्छ । हाल लेखापरीक्षण अवधि (२०७८ पौष १४ ) सम्म पनि सम्पन्न हुन सकेको छैन । उक्त सम्झौता अवधिभित्र काम सम्पन्न गर्न नसकेको कारण उल्लेख गरी म्याद थप पनि भएको छैन । यसरी तोकीएको मितिभित्र कार्य सम्पन्न हुन नसक्नु र म्याद थप पनि नहुनुले पालिका, छाँयानेपाल र धार्चे सामुदायीक अस्पताल व्यवस्थापन समितीको कार्यजिम्मेवारी वहन गरेको देखिएन । सार्वजनिक खरिद नियमावली अनुसार सम्झौतामा तोकिएको समयमा कार्यसम्पन्न गर्ने उपभोक्ता समितिसँग मात्र सम्झौता गर्नुपर्ने देखिन्छ । | |
| १६.२ | | | **उपभोक्ता समितिलाई सिमा भन्दा बढीको कार्यः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा रु.१ करोडसम्म लागत अनुमान भएको सोही आर्थिक वर्ष भित्र सम्पन्न गर्न सकिने निमार्ण कार्य मात्र सम्बन्धित उपभोक्ता समितिबाट गराउन सकिने तथा उक्त लागतमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंश समेतको रकम समावेश हुने व्यवस्था छ । पालिकाले तपसिलका रु.१७८२८६३९.०० लागत अनुमान भएको वडा कार्यालय भवन उपभोक्ता समितिबाट गराएको छ । तर ४ नं वडा कार्यालय भवनको लागत अनुमान रु.४६९१०९९.०० भएको निर्माण कार्य शिलवन्दी दरभाउपत्रबाट गराईएको छ । यसरी सिलवन्दी दरभाउपत्रबाट निर्माण कार्य गराउदा २९.४३ प्रतिशत घटी कबोल गरी रु.३३१०२५८.०० मा कबोल गरेको देखिन्छ । तिनवटा वडा कार्यालय भवनको लागत अनुमान रु.१ करोड ७८ लाख २८ हजार रहेको छ । निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउनु भवन निर्माण जस्ता कार्यहरु वोलपत्रको माध्यमद्धारा प्रतिष्प्रधा गराई निर्माण व्यवसायीबाट गराउनु पर्नेमा उपभोक्ता सहभागी नहुने कार्य समेत उपभोक्ता समिति मार्फत गराई ठेक्काबाट हुने कार्य भन्दा बढी व्ययभार पर्ने गरी उपभोक्ता समिति मार्फत गरिनु उपयुक्त देखिएन । | |
| १७ | | | **उपभोक्ता समिति मार्फत कार्य** | |

| भौ.नं . रमिति | योजनाको नाम | लागत अनुमान | भुक्तानी रकम |
|---|---|---|---|
| १०१-०७८।३।२३ | ५ नं. वडा कार्यालय भवन | 5087844 | 4107206 |
| १०३-०७८।३।२३ | ५ नं. वडा कार्यालय भवन | 4312179 | 3725723 |
| १००-०७८।३।२३ | ७ नं. वडा कार्यालय भवन | 5118358 | 4072041 |
| | | 17828639 | 16596069 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
